प्रेमको अति उत्तम मार्ग

१ कोरिन्थी १३:१-१३

१. पदहरू १-३। पावल कोरिन्थको मण्डलीलाई लेख्दैछन्; हामीले देखिसकेका छौं कि यस मण्डलीमा धेरै वरदानहरू र धेरै समस्याहरू थिए।

क. "यदि म..." भन्ने वाक्यांश प्रयोग गरेर पावलले कुन चारवटा वरदानहरूलाई जोड दिन्छन्?

ख. ती कस्ता प्रकारका वरदानहरू हुन्?

ग. यदि कुनै संगतिमा यी वरदानहरू छन् तर प्रेम छैन भने के हुन्छ?

२. पदहरू ४-७।

क. प्रेमबारे पावलको वर्णन कोरिन्थी विश्वासीहरूको मनोवृत्ति र व्यवहारभन्दा कसरी भिन्न छ (४:६; ५:१-२; ६:१; ६:१५-१६; ८:१; ८:१०-१२; ११:२२ हेर्नुहोस्)?

ख. पद ७ मा कुन गुणमा जोड दिइएको छ?

ग. तपाईंको संगतिमा भएका सम्बन्धहरूमा यी शिक्षाहरूलाई लागू गर्ने केही तरिकाहरू उल्लेख गर्नुहोस्।

३. पदहरू ८-११।

क. प्रेम र असाधारण वरदानहरूबीच के ठूलो भिन्नता छ?

ख. तपाईंको विचारमा 'पूर्णता' कहिले आउँछ (९-१०)? (ध्यान दिनुहोस्, असल विश्वासीहरूको यस प्रश्नमा फरक-फरक जवाफ हुन सक्छन्; एक-अर्कासँग मतभेद हुँदा पनि प्रेमको मार्ग पछ्याउनु महत्त्वपूर्ण छ!)

ग. पावलले आत्मिक 'बाल्यकाल' लाई कसरी पछाडि छोडे? आज हामी कसरी त्यसो गर्न सक्छौं?

४. पदहरू १२-१३।

क. येशूलाई आमनेसामने हेर्न पर्खिरहँदा, विश्वास, आशा र प्रेमले हामीलाई कसरी धान्नेछन्?

ख. प्रेम कुन अर्थमा विश्वास र आशाभन्दा महान् छ (१ यूहन्ना ४:८ र १६; यूहन्ना ३:१६; रोमी ५:८ हेर्नुहोस्)?